नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

**मितिः- २०७८।१२।०२**

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्दा उच्च अदालत पाटन, ललितपुरमा मिति २०७८।१२।०२ मा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः**

- जिल्ला भक्तपुर, सूर्यबिनायक नगरपालिका वडा नं. १० देउजागाँउ (साबिकको चितापोलगा.वि.स. वडा नम्बर १) स्थायी बसोबास गर्ने सौगात इन्टरनेशनल (स्था.ले.नं.३०४३०९५४४) को प्रोपराइटर **दिपक कुमार देउजा ।**
- जिल्ला चितवन, कालिका नगरपालिका वडा नम्बर २ भिमपुर (साबिकको पदमपुरगा.वि.स. वडा नम्बर ५) स्थायी ठेगाना भई जिल्ला काठमाडौं, नागार्जुन नगरपालिका वडा नम्बर ४ सितापाइला मिलन टोलमा बसोबास गर्ने सौगात इन्टरनेशनल (स्था.ले.नं.३०४३०९५४४) को खाता संचालक **मोहन प्रसाद भट्टराई ।**
- जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. २१,लगनटोल स्थायी बसोबास गर्ने बर्ष ५० को सौगात इन्टरनेशनल (स्था.ले.नं. ३०४३०९५४४) को लेखापरीक्षक **सुनिलमान शाक्य ।**

२. **कसुरको संक्षिप्त विवरणः** उक्त फर्मले राजस्व चुहावट गर्ने मनसायले जालसाजीयूक्त, नक्कली तथा झुट्टा मूल्य अभिबृद्धि विजक लिई बित्तीय विवरणहरु तथा आय विवरणहरु तयार गरी मु.अ.कर तर्फ क्रेडिट दावी गरी तिर्नु पर्ने मु.अ.कर नितिरेको र आयकर तर्फ लागत खर्च दावी गरी आयकर समेत चुहावट गरेकोले आयकर ऐन तथा मुल्य अभिबृद्धि कर ऐन तथा नियमहरु बमोजिम तिर्नुपर्ने कर नतिरी राजस्व चुहावटको कार्य गरेको ।

३.

४. **कायम भएको विगो र सजायको मागदाविः** राजस्व अनुसन्धान (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन २०५२ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४(क) र (झ) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले सोही ऐनको दफा २(छ१) हुन आउने **मु.अ.कर तर्फ रु. २,५२,१४,३९५।- र आयकर तर्फ रु. ५,६९,५८,२४६।-** समेत जम्मा हुन आउने कुल विगो रु. **८,२१,७२,६४१।- (अक्षरेपी आठ करोड एक्काइस लाख बहत्तर हजार छ सय एकचालिसरुपैंया मात्र)** कायम गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०५२ दफा २३(१) बमोजिम प्रतिवादीहरु दिपक कुमार देउजा र मोहन प्रसाद भट्टराईसँग विगो असूल उपर गरी विगोको शतप्रतिशत जरिवाना तथा सोही ऐनको दफा २३ को उपदफा (१)(क) बमोजिम कैद सजाय हुन र सुनिलमान शाक्यको हकमा सोही ऐनको दफा २३ को उपदफा (३)बमोजिम मतियारलाई हुने सजाय हुन मागदावी लिई अभियोग पत्र दायर गरिएको ।

| सि.नं. | प्रतिवादी | विगो | जरिवाना | विगो तथा जरिवाना |
|---|---|---|---|---|
| १ | • दिपक कुमार देउजा<br>• मोहन प्रसाद भट्टराई<br>• सुनिलमान शाक्य | ८,२१,७२,६४१।- | ८,२१,७२,६४१।- | १६,४३,४५,२८२।- |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**